नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ४२

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/०४/०७

विषयः लामोसाँघु -काभ्रे/रामेछाप १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको सार्वजनिक सूचना प्रकाशन गर्ने बारे।

श्री नेपाल विद्युत प्राधिकरण,
दरवारमार्ग, काठमाडौं ।
सम्पर्क फोन नं. ०१-४१५३००७

प्रस्तुत विषयमा तँहाबाट लामोसाँघु -काभ्रे/रामेछाप १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको अनुमतिपत्र लिन पेश गरेको दरखास्त उपर कारवाही हुँदा विद्युत नियमावली २०५० को नियम १६ वमोजिम संलग्न स्वीकृत सार्वजनिक सूचनाको मस्यौदा लगातार दुई पटक राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रवर्द्धकको आफ्नै खर्चमा प्रकाशन गर्न तथा प्रकाशित सूचनाको सक्कल प्रति सहित सूचना प्रकाशन भएको ७ दिन भित्र यस विभाग समक्ष पेश गर्नुहुन विभागको मिति २०८२/०४/०६ को निर्णयानुसार जानकारी गराईन्छ ।

संलग्न
स्वीकृत सार्वजनिक सुचनाको मस्यौदा ।

(कर्सन महर्जन)
इलेक्ट्रिकल इन्जिनियर

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाण्डौ

## लामोसाँघु -काभ्रे/रामेछाप १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजना सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०४/**

बागमती प्रदेश अन्तर्गतको सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिकाको वडा नं. ७ मा प्रस्तावित लामोसाँघु सबस्टेसन देखि रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिकाको वडा नं. १ मा प्रस्तावित राकाथुम सबस्टेसन सम्म जम्मा ३८.२६७ कि.मी., १३२ कि.भी., डबल सर्किट विद्युत प्रसारण लाइन तथा सबस्टेसन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक श्री नेपाल विद्युत प्राधिकरणले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिलका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाईन निर्माण तथा सन्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धक श्री नेपाल विद्युत प्राधिकरणमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री नेपाल विद्युत प्राधिकरण प्रचलित नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अन्तर्गत गठन भएको निकाय हो।
२. यस प्रसारण लाईनको भोल्टेज १,३२,००० भोल्ट, डबल सर्किट रहने र २३८ मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाईन आयोजना, बागमती प्रदेश अन्तर्गतको सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिकाको वडा नं. ७ मा प्रस्तावित लामोसाँघु सबस्टेसन देखि सुनकोशी गाउँपालिका, लिसंखु पाखर गाउँपालिका, काभ्रेपलाञ्चोक जिल्लाको चौरीदेउराली गाउँपालिका, रामेछाप जिल्लाको दोरम्बा शैलुङ गाउँपालिका, सुनापती गाउँपालिका हुँदै खाँडादेवी गाउँपालिकाको वडा नं. १ मा प्रस्तावित राकाथुम सबस्टेसन सम्म जम्मा ३८.२६७ कि.मी., १३२ कि.भी. प्रसारण लाइन निर्माण गर्न तथा यस आयोजना अन्तर्गत प्रस्तावित लामोसाँघु सबस्टेसनमा २ वटा Line Bay Extension र प्रस्तावित राकाथुम १३२/३३ के.भी.,६०(३० x२) एम.भी.ए., ३३/११ के.भी.,१६(८x२) एम.भी.ए. को सबस्टेसन समेत निर्माण गरिनेछ।
४. यो प्रसारण लाईनको लम्बाई ३८.२६७ कि.मी. हुनेछ जसमा १२९ वटा टावरहरु निर्माण गरिने छन् तथा ACSR 'BEAR Conductor' जडान गरिने छ। टावरको अधिकतम उचाई ४० मी. सम्म रहने तथा टावरहरु बिचको औषत दुरी २९८.९७ मी. हुनेछ। आयोजना निर्माणको लागि कूल ४०.०८ हेक्टर जमिन आवश्यक पर्ने छ, जस मध्य १२९ वटा टावरहरुका लागि स्थायी रूपमा ४.५८५ हेक्टर जग्गा आवश्यक पर्दछ। यस बाहेक विद्युत मार्गको अधिकार क्षेत्र भित्र (Right of Way) अन्तर्गत २७.८७ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्नेछ।
५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोण बाट १८ मी. (मध्य बिन्दुबाट ९/९ मी. दायाँ बायाँ) कायम गरिने छ।
६. यो प्रसारण लाईनको निर्माण कार्य करिब २ वर्ष भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यो प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भु-क्षय, बाढी, वायु प्रदुषण आदि द्वारा वतावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिने छ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ ।

श्री नेपाल विद्युत प्राधिकरण
दरबारमार्ग, काठमाण्डौ।
फोन नं.: ०१-४१५३०५४, ०१-४१५३०५५
पो.ब.नं.: १००२० काठमाण्डौ।
इमेल : neamd@nea.org.np

श्री विद्युत विकास विभाग
सानोगौरचण, काठमाण्डौ
पो.ब.न. : २५०७
फोन नं. : ०१-४५३४११९
फ्याक्स नं. : ०१-५२४४२५७
इमेल : info@doed.gov.np